# परशुराम नगरपालिकाको योजना अनुगमन तथा मूल्यांकन कार्ययोजनाः २०८३/८४

स्वीकृत मितिः २०८३/०४/२८

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परशुराम नगरपालिकाको योजना अनुगमन तथा समन्वय कार्यविधि, २०७५ तथा अनुगमन तथा मूल्यांकन ऐन, २०८० बमोजिम नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रमहरूको समयबद्ध, गुणस्तरीय र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न यो अनुगमन तथा मूल्यांकन कार्ययोजना तयार पारिएको हो।

## २. उद्देश्यहरू

(क) नगरपालिका तथा वडास्तरबाट सञ्चालित आयोजनाहरूको भौतिक एवं वित्तीय प्रगतिको नियमित लेखाजोखा गर्नु,

(ख) निर्माण कार्यको प्राविधिक गुणस्तर, लागत र तोकिएको समयसीमाको पालना गराउनु,

(ग) योजना कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौती, जोखिम र ढिलासुस्ती समयमै पहिचान गरी सुधारात्मक कदम चाल्नु,

(घ) आयोजना व्यवस्थापन प्रणाली तथा सुशासनलाई सुदृढीकरण गर्नु,

(ङ) सार्वजनिक लेखापरीक्षण, सामाजिक लेखापरीक्षण र पारदर्शिता कायम गरी सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन गर्नु।

## ३. संस्थागत संरचना र भूमिका

| संरचना | संयोजक | मुख्य भूमिका र जिम्मेवारी |
|---|---|---|
| नगरस्तरीय अनुगमन तथा मूल्यांकन समिति | नगर उपप्रमुख | समग्र योजनाको नीतिगत अनुगमन, स्थलगत निरीक्षण, सुधारात्मक निर्देशन र अन्तिम भुक्तानीको लागि सिफारिस। |
| वडास्तरीय अनुगमन समिति | वडा अध्यक्ष | वडास्तरमा सञ्चालित योजनाहरूको नियमित प्रत्यक्ष अनुगमन, उपभोक्ता समितिको सहजीकरण र प्रतिवेदन पेस। |
| प्राविधिक अनुगमन टोली | इन्जिनियर | प्राविधिक नापजाँच (Measurement Book Verification), निर्माण सामग्रीको गुणस्तर परीक्षण (Lab test) र प्राविधिक प्रतिवेदन। |
| विषयगत शाखा | सम्बन्धित शाखा प्रमुख | विषयगत कार्यक्रम (तालिम, खरिद, सेवा प्रवाह आदि) को उपलब्धि र प्रतिफल अनुगमन। |

## ४. अनुगमनका प्राथमिकता क्षेत्र

(क) ठूला लागत तथा रणनीतिक महत्वका आयोजनाहरू,

(ख) बहुवर्षीय तथा जटिल प्रकृतिका आयोजनाहरू,

(ग) तोकिएको समयसीमाभन्दा ढिला भएका आयोजनाहरू,

(घ) गुणस्तरसम्बन्धी गुनासा वा समस्या देखिएका आयोजनाहरू,

(ङ) जोखिमयुक्त तथा विपद् प्रभावित हुनसक्ने संरचनाहरू।

प्रमुख प्रशासकीय अधिकृत

## ५. अनुगमन तथा मूल्यांकन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | समयावधि | जिम्मेवार पदाधिकारी/शाखा/संस्था | लक्ष्य | अपेक्षित उपलब्धि | सूचक तथा प्रमाण |
|---|---|---|---|---|---|---|
| १. | वार्षिक अनुगमन तथा मूल्यांकन कार्ययोजना | साउन पहिलो साता | ❖ अनुगमन समिति<br>❖ कार्यपालिका | १ वटा (स्वीकृत कार्ययोजना) | वार्षिक अनुगमन तथा मूल्यांकनको एकीकृत ढाँचा र तालिका तयार भई कार्यान्वयनमा सहजता आउने। | स्वीकृत अनुगमन कार्ययोजना तथा बैठक निर्णय |
| २. | योजना सम्झौता पूर्वको स्थलगत निरीक्षण | साउन-कार्तिक | ❖ योजना शाखा<br>❖ प्राविधिक टोली | १००% आयोजना | योजनाको सम्भाव्यता र आवश्यकता पुष्टि भई यथार्थपरक लागत अनुमान (Cost Estimate) तयार हुने। | आयोजना स्थलको फोटो तथा भिडियो, लगत इष्टिमेट तयार तथा जाँच |
| ३. | प्रथम त्रैमासिक अनुगमन तथा प्रगति समीक्षा | कात्तिक पहिलो साता | ❖ अनुगमन समिति<br>❖ विषयगत शाखा | १००% निर्माणाधीन आयोजना | प्रथम त्रैमासिकको भौतिक तथा वित्तीय प्रगतिको लेखाजोखा भई देखिएका ढिलासुस्ती र समस्या समाधान हुने। | प्रथम त्रैमासिक प्रगति प्रतिवेदन, सुधारात्मक निर्देशन |
| ४. | निर्माणाधीन आयोजनाहरूको नियमित स्थलगत अनुगमन | कार्यान्वयन अवधिभरी | ❖ अनुगमन समिति<br>❖ प्राविधिक टोली | स्वीकृत कार्ययोजना अनुसार १००% आयोजना | निर्माण कार्यमा तोकिएको गुणस्तर (Quality), पारदर्शिता र तोकिएको समयसीमा कायम हुने। | अनुगमन चेकलिस्ट, ल्याब टेस्ट रिपोर्ट, सार्वजनिक पाटी |
| ५. | दोस्रो त्रैमासिक तथा अर्धवार्षिक समीक्षा | माघ पहिलो साता | ❖ अनुगमन समिति<br>❖ नगर कार्यपालिका | १००% निर्माणाधीन आयोजना | अर्धवार्षिक भौतिक/वित्तीय प्रगतिको मूल्यांकन भई बजेट पुनरावलोकन तथा संशोधनका लागि स्पष्ट आधार प्राप्त हुने। | अर्धवार्षिक समीक्षा प्रतिवेदन |

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | क्रियाकलाप | समयावधि | जिम्मेवार पदाधिकारी/शाखा/संस्था | लक्ष्य | अपेक्षित उपलब्धि | सूचक तथा प्रमाण |
|---|---|---|---|---|---|---|
| ६. | तेस्रो त्रैमासिक अनुगमन तथा निरीक्षण | बैशाख पहिलो साता | ❖ नगरस्तरीय अनुगमन समिति | १००% सञ्चालित आयोजना | कार्यान्वयनको अन्तिम चरणमा रहेका आयोजनाहरूको गति र गुणस्तरको सुनिश्चितता भई समयमै काम सम्पन्न हुने। | अनुगमन प्रतिवेदन, भौतिक प्रगति विवरण |
| ७. | कार्यसम्पन्न पश्चात् अन्तिम अनुगमन र भुक्तानी सिफारिस | बैशाख-असार | ❖ अनुगमन तथा मूल्यांकन समिति | १००% सम्पन्न आयोजना | स्वीकृत मापदण्ड अनुसार सम्पन्न भएको योजना प्रमाणीकरण भई नियमानुसार पारदर्शी रूपमा भुक्तानी सम्पन्न हुने। | नापी किताब, सार्वजनिक/सामाजिक लेखापरीक्षण प्रतिवेदन, अनुगमन सिफारिस पत्र |
| ८. | वार्षिक समीक्षा, नतिजा मूल्यांकन र प्रतिवेदन प्रकाशन | असार मसान्त | ❖ अनुगमन समिति<br>❖ योजना शाखा | १ वटा (एकीकृत प्रतिवेदन) | वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारिता र उपलब्धिका आधारमा आगामी वर्षको नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहयोग पुग्ने। | वार्षिक अनुगमन तथा मूल्यांकन प्रतिवेदन |
| ९. | अनुगमन तथा मूल्यांकन सम्बन्धी अभिमुखीकरण/क्षमता विकास कार्यक्रम | भदौ दोस्रो साता | ❖ योजना शाखा<br>❖ प्राविधिक/तालिम संयोजक | २ पटक (अनुगमन समिति र उपभोक्ता समितिका लागि) | अनुगमन सूचक, गुणस्तर मापदण्ड र चेकलिस्ट प्रयोग सम्बन्धी ज्ञान र दक्षता वृद्धि हुने। | तालिम/अभिमुखीकरण प्रतिवेदन, उपस्थिति विवरण |
| १०. | सार्वजनिक परीक्षण (Public Hearing) तथा सामाजिक लेखापरीक्षण (Social Audit) | असोज र जेठ | ❖ योजना शाखा | १००% गौरवका | आयोजनामा पारदर्शिता, जवाफदेही र नागरिक | सार्वजनिक परीक्षण/सामाजिक |

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | क्रियाकलाप | समयावधि | जिम्मेवार पदाधिकारी/शाखा/संस्था | लक्ष्य | अपेक्षित उपलब्धि | सूचक तथा प्रमाण |
|---|---|---|---|---|---|---|
| | | | ❖ सामाजिक विकास शाखा/गैरसरकारी संस्था | तथा ठूला आयोजना | उत्तरदायित्व कायम हुने तथा गुनासो सम्बोधन हुने। | लेखापरीक्षण प्रतिवेदन, माइन्युट |
| ११. | तेस्रो पक्ष मूल्यांकन (Third-Party Evaluation) / प्रभाव मूल्यांकन (Impact Assessment) | जेठ-असार | ❖ बाह्य विज्ञ/स्वतन्त्र परामर्शदाता | छनोट गरिएका मुख्य/ठूला ५ वटा आयोजना | योजनाको दिगोपना, प्रतिफल र वास्तविक प्रभावको स्वतन्त्र एवम् निष्पक्ष मूल्यांकन प्राप्त हुने। | तेस्रो पक्ष मूल्यांकन प्रतिवेदन |
| १२. | डिजिटल अनुगमन प्रणाली अद्यावधिक | निरन्तर (असारसम्म) | ❖ सूचना प्रविधि (IT) शाखा<br>❖ योजना शाखा | १ वटा (डिजिटल ड्यासबोर्ड) | आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगतिको वास्तविक समयमा अनुगमन र तथ्याङ्क व्यवस्थापन हुने। | ई-अनुगमन ड्यासबोर्ड, फोटो/भिडियो अभिलेख |
| १३. | अनुगमन प्रतिवेदनमा आधारित सुधारात्मक कदम तथा गुनासो व्यवस्थापन | प्रत्येक त्रैमासिक पछि | ❖ अनुगमन समिति<br>❖ प्रमुख प्रशासकीय अधिकृत | अनुगमनमा पाइएका १००% कैफियतहरू | अनुगमनका क्रममा भेटिएका त्रुटि तथा गुणस्तरहीन कामको तत्काल सुधार भई जोखिम न्यूनीकरण हुने। | सुधारात्मक कारबाहीको पत्र, गुनासो फस्यौट पुस्तिका |

प्रमुख प्रशासकीय अधिकृत

## ६. अनुगमनका चरण तथा प्राविधिक विधि

### (क) शुरुआती चरण

- योजना सम्झौता हुनुअघि आयोजना स्थलको लागत इष्टिमेट, नक्सा र वास्तविक आवश्यकताको प्राविधिक जाँच।
- उपभोक्ता समिति वा निर्माण व्यवसायीले आयोजना स्थलमा सार्वजनिक सूचना पाटी राखे/नराखेको सुनिश्चितता।

### (ख) कार्यान्वयन चरण

- गुणस्तर परीक्षणः ढलान, ग्याबियन, संरचनात्मक कामहरूमा प्रयोग हुने सामग्री (सिमेन्ट, गिट्टी, छड आदि) को प्राविधिक गुणस्तर परीक्षण (Lab Test/Cube Test) अनिवार्य गर्ने।
- वित्तीय तथा भौतिक तालमेलः SuTRA प्रणालीमा दर्ता भएको वित्तीय प्रगति र वास्तविक स्थलगत भौतिक प्रगतिको तुलनात्मक विश्लेषण गर्ने।

### (ग) अन्तिम चरण तथा फरफारक

- कार्य सम्पन्न भएपछि सार्वजनिक लेखापरीक्षण (Public Audit) वा सामाजिक लेखापरीक्षण (Social Audit) सम्पन्न भएको प्रतिवेदन।
- प्राविधिक टोलीको अन्तिम नापजाँच (MB) र अनुगमन समितिको स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा मात्र अन्तिम किस्ता भुक्तानी तथा योजना फरफारक गर्ने।

### (घ) प्रभाव तथा नतिजा मूल्यांकन

विगत वर्षहरूमा सम्पन्न भएका ठूला तथा रणनीतिक आयोजनाहरू (जस्तैः खानेपानी, सिँचाइ, सडक, भवन) को सञ्चालन अवस्था र समुदायमा परेको दीर्घकालीन प्रभावको नतिजामुखी मूल्यांकन गरिनेछ।

### (ङ) प्रतिवेदन तथा पृष्ठपोषण प्रणाली

प्रत्येक अनुगमन कार्य सकिएपछि टोलीले ३ दिनभित्र तोकिएको ढाँचामा स्पष्ट निष्कर्ष र सिफारिससहितको प्रतिवेदन अनुगमन समितिमा पेस गर्नुपर्नेछ।

## ७. सुधारात्मक कारबाहीः

अनुगमनका क्रममा गुणस्तरहीन काम वा त्रुटि पाइएमा तुरुन्त काम रोक्ने, सुधार गराउने वा पुनः गराउने गरीकार्यपालिका तथा अनुगमन समितिबाट निर्देशन जारी गरिनेछ। साथै, अनुगमनबाट पहिचान भएका समस्या तथा जोखिम न्यूनिकरणका लागि जिम्मेवार पदाधिकारी, आवश्यक सुधारात्मक कार्य तथा कार्यान्वयनको समयसीमा तोकी Follow-up गरिनेछ।

## ८. पारदर्शिता र सार्वजनिकीकरणः

अनुगमन प्रतिवेदनका मुख्य निष्कर्षहरू नगर कार्यपालिका बैठकमा प्रस्तुत गरिनुका साथै त्रैमासिक समीक्षा बैठक र नगरपालिकाको वेबसाइटमार्फत सार्वजनिक गरिनेछ।

## ९. संशोधनः यस कार्ययोजनामा कार्यालयले आवश्यक संशोधन गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत